## सूचना ४

वाणिज्य मन्त्रालयका का. मु. सचिव श्री निधेन्द्रराज शर्मा संयुक्त राज्य अमेरिकी सरकारसँग तयारी पोशाकको कोटासम्बन्धी द्विपक्षीय वार्ता गर्न वाशिङटन र ग्याटमा नेपालको सदस्यता सम्बन्धमा अनौपचारिक विचार विमर्शका लागि जेनेभातर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री शिवशम्शेर राणालाई मिति २०४७।७।१४ देखि कायम मुकायम मुकरर गरेको छ ।

## सूचना ५

जलस्रोत मन्त्रालयका का. मु. सचिव श्री भुवनेशकुमार प्रधान स्वीट्जरलैण्डको जेनेभामा हुने विश्व हावापानीसम्बन्धी सम्मेलनमा भाग लिन जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव सरहका अधिकृत श्री हिरण्यजीत मल्ललाई मिति २०४७।७।१६ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
नरसिंहनारायण सिंह
श्री ५ को सरकारको सचिव

## सूचना ६

परराष्ट्र मन्त्रालयका सचिव श्री नरेन्द्रविक्रम शाह माल्दिभ्सको मालेमा सम्पन्न हुने पाँचौं शिखर सम्मेलनसँग सम्बद्ध सार्क मन्त्रिपरिषद् र स्थायी समितिको बैठकमा भाग लिन जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री यादवकान्त सिलवाललाई मिति २०४७।७।२७ देखि कायम मुकायम मुकरर गरेको छ ।



३३९
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।